प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# नेपाल बनेपा बहुप्राविधिक शिक्षालय

बनेपा-५, काभ्रेपलाञ्चोक

पत्र संख्या :- २०७९/०८०

चलानी नं.:-

इमेल : nbpi.edu@gmail.com

फोन : ०११-६६०८६७
६६४२९०

फ्याक्स : ०११-६६०६२५

मितिः २०७९।०५।०९

## प्रवेश योग्यता संशोधन तथा प्रवेश परीक्षा आवेदन फाराम भर्ने म्याद थप सम्बन्धी अत्यन्त जरुरी सूचना !

उपर्युक्त सम्बन्धमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको मिति २०७९ भाद्र ८ गते प्रकाशित सूचना बमोजिम चालु आ.व. २०७९।०८० को लागि यस शिक्षालयमा सञ्चालित तपसिलको कार्यक्रमहरूमा अध्ययन गर्न ईच्छुक प्रशिक्षार्थीहरूलाई यस अघिको प्रवेश योग्यतामा देहाय बमोजिम संशोधन भई आएको र प्रवेश परीक्षा आवेदन फाराम बुझाउने मिति २०७९ भाद्र ९ गतेबाट म्याद थप भई अन्तिम मिति २०७९ भाद्र १२ गते आइतबार कार्यालय समयसम्म कायम भई आएको व्यहोरा सम्बन्धित सबै आवेदक प्रशिक्षार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै प्रवेश परीक्षा मिति २०७९ भाद्र १७ गते शुक्रबार दिनको ठिक ३:०० बजे सञ्चालन हुनेछ ।

### तपसिल

(क) अक्षराङ्कन पद्धति लागू हुनु पूर्वका प्रवेशिका परीक्षाको हकमाः

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रमहरू | संशोधित आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा तह सूचना प्रविधि<br>डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह होटल व्यवस्थापन | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

(ख) अक्षराङ्कन पद्धतिमा अध्ययन गरेकाको हकमाः

| क्र. सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रमहरू | संशोधित आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा तह सूचना प्रविधि<br>डिप्लोमा तह इलेक्ट्रिकल ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह सिभिल ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह जियोमेटिक्स ईन्जिनियरिङ्ग<br>डिप्लोमा तह होटल व्यवस्थापन | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अंग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अंक ४.० मा १.६ सि.जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट संचालन हुने कार्यक्रमसंग सम्बन्धित प्राविधिक एस.एल.सी. को कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण गरेको । |

..........................

इश्वरचन्द्र घिमिरे

शिक्षालय प्रमुख